
# जलथल जैविक विविधता व्यवस्थापन कार्यक्रम

## (Linking Science to Management: Restoring Community Forests in Nepal)



# अवधारणा

नेपालको सामुदायिक वन कार्यक्रम स्थानीय उपभोक्ता समूहमार्फत वनको संरक्षण, संवर्द्धन र सदुपयोग गर्न सफल एक उदाहरणीय कार्यक्रम हो । विगत तीन दशकदेखि यो कार्यक्रमले वन व्यवस्थापनमार्फत उपभोक्ताहरूको वन पैदावारका आवश्यकता पूर्ति गर्दै वन संरक्षण (conservation), वनको पुनस्थापना (restoration), वन क्षेत्र तथा वनको अवस्थामा सुधार (forest cover and condition improvement) गर्नमा प्रशंसनीय कार्य गरेको छ। वन संरक्षण मात्र नभई सामुदायिक वनले विपन्नमुखी कार्यक्रम, लैङ्गिक समावेशीता, उपभोक्ता समूहको लोकतान्त्रीकरण र संस्थागत विकास र स्थानीय स्तरका विकास निर्माणका कार्यक्रमहरूमा समेत उल्लेख्य योगदान गरेको छ ।

यसका बावजूद जैविक विविधता संरक्षण र व्यवस्थापनका क्षेत्रमा सामुदायिक वन कार्यक्रममार्फत गरिएका क्रियाकलापहरू प्रर्याप्त मात्रामा नभएका र अझै योगदान गर्न सकिन्थ्यो कि ? भन्ने बारेमा बहसहरू हुने गरेका छन् । विगतमा र हालसालै गरिएका विभिन्न अध्ययनहरूले वन कार्ययोजना निर्माण, तिनको उपादेयता र कार्यन्वयन एवं जैविक विविधता संरक्षण सम्बन्धमा विभिन्न प्रश्नहरू गरेका छन् । सामुदायिक वन व्यवस्थापन कार्य मुख्य गरी केही प्रमुख काठ र गैह्रकाष्ठ वन पैदावरप्रति बढी झुकाव भएको देखिन्छ । यसरी केही सिमित प्रजाति र पैदावरप्रतिको झुकावले गर्दा सामुदायिक वनमा जैविक विविधताको समुचित संरक्षण र उपयोग हुन सकेको छैन । सामुदायिक वनको वन सम्वर्द्धन सम्बन्धी कार्यहरूमा सामान्य परिवर्तन मात्र गर्दा छुट्टै लगानी बिना संरक्षणमा अझ बढी योगदान दिन सक्ने सम्भावना प्रस्टै देखिन्छ । वन उपभोक्ताहरूलाई जैविक विविधताको महत्त्व संरक्षणको आवश्यकता र यसको दीर्घकालीन प्रभाव बुझाउँदै वन व्यवस्थापन र सम्बर्धनात्मक कार्यहरूलाई जैविक विविधता संरक्षणमैत्रि बनाउन सकिन्छ । वनमा जैविक विविधताको संरक्षण र वस्तु तथा सेवाको उपयोगसँगसँगै लैजान सकिन्छ । यी दुवैको सन्तुलनबाट नै उपभोक्ताहरूको वन पैदावारको आवश्यकता पूर्ति र पर्यावरणीय सेवाहरूको दीर्घकालीन सुनिश्चितता गर्न सकिन्छ भन्ने कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् । सामुदायिक वनमा जैविक विविधता संरक्षित हुँदा वन पैदावारको दीर्घकालीन पूर्ति मात्र नभई वनमा आश्रित जिवजनावरहरूको संरक्षण, पर्यापर्यटन, लघु उद्यमहरू लगायतका क्षेत्रहरूमार्फत पनि धेरै फाइदा लिने सम्भावना बढेर जान्छ । वनमा जैविक विविधताको संरक्षणले जलवायु परिवर्तनका विविध नकरात्मक प्रवाभमा कमी ल्याउदै अनुकूलनमा समेत सहयोग हुने र यसले समग्र मानवको भलाईमा योगदान पुग्छ । वन र जैविक विविधता सम्बन्धी ज्ञानको अन्तरपुस्ता हस्तान्तरणको लागि पनि जैविक विविधता संरक्षण हुनुपर्दछ ।

वन उपभोक्ता र सरोकारवालाहरूलाई जैविक विविधता व्यवस्थापनमा वैज्ञानिक तथ्यद्वारा सुसूचित गर्दै उनीहरूको क्षमता अभिवृद्धिमार्फत सामुदायिक वनमा देखिएका जैविक विविधता संरक्षण सम्बन्धी चुनौतीहरू सम्बोधन गर्ने र स्थलगत अभ्यासबाट प्राप्त सिकाइमार्फत वनको नीति निर्माण प्रक्रियामा योगदान गर्ने अभिप्रायले सञ्चालन गर्न लागिएको यस कार्यक्रमलाई सजिलो भाषामा 'जलथल जैविक विविधता व्यवस्थापन कार्यक्रम' पनि भन्न सकिन्छ । यस कार्यक्रम अन्तर्गत दुई तहमा गतिविधिहरू सञ्चालन हुने छन् । पहिलोमा झापाको जलथल वनमा सामुदायिक वन उपभोक्ता समूहसँग मिलेर जैविक विविधता व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान र संरक्षण तथा क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ साथै, जैविक विविधता संरक्षणमार्फत लघु उद्यम र पर्यापर्यटन सम्बन्धी उपयुक्त अभ्यास र नमुनाहरूको पनि विकास गरिनेछ । दोश्रोमा, जलथलबाट आएका स्थलगत सिकाइहरूलाई सामुदायिक वन कार्यक्रममा मूलप्रवाहीकरण गर्न राष्ट्रियस्तरमा बहसहरू सञ्चालन गरिनेछ ।

# जलथल वन

पुर्वी नेपालको झापा जिल्लाको दक्षिण-पूर्व भागमा अवस्थित जलथल वन घनावस्ती र कृषि भूमिको बीचमा रहेको छ। करिब ६१०० हेक्टर क्षेत्रफलमा फैलिएको यो वन जैविक विविधताको दृष्टिकोणले धनी र महत्त्वपूर्ण छ। जलथल वनमा मात्र १५० भन्दा बढी प्रजातिका रुखहरू पाइएबाट नै यसको महत्त्व प्रस्ट हुन्छ। यो वन संकटापन्न वन्यजन्तु (जस्तै सालक, लाम्चे कछुवा, हात्ती आदि), विभिन्न प्रजातिका रैथाने र बसाईसराइ गरी आउने पाहुना चराहरू, दुर्लभ महत्त्वपूर्ण वनस्पतिहरू (जस्तै साइकस Cycas, लटहर, सर्पगन्धा, कुकुर तरुल आदि) को वासस्थान हो। साल, बाँस र बेत पनि यस वनका महत्त्वपूर्ण स्रोतहरू हुन्।

घनावस्तीको बीचमा पूर्ण विनाशबाट वच्न सफल यस्तो बचेखुचेको (Remnant) र पौराणिक (Relic) वन क्षेत्र वन्यजन्तु र वनस्पतिको वासस्थान र शरणस्थल (refuge) पनि हुन सक्दछ। उष्ण र उपोष्ण दुवै खालका हावापानीमा पाइने वनस्पति भेटिने हुँदा यो ठाउँ विशेष छ। त्यसै गरी नेपालको मध्य र पश्चिमी भेगमा नपाइने वनस्पति (जस्तै लटहर) पनि यहाँ पाइने हुँदा यो वन विशिष्ट खालको छ। नेपालकै होचो भूभागमा अवस्थित यस क्षेत्रमा वनजङ्गल, थुम्का, खोल्सी, सिमसार र खोलानालाहरूले यसको भौगोलिक र पारिस्थितिकीय विविधता झल्काउँछन्। जलथल वन जैविक र भौगोलिक दृष्टिकोणले मात्र नभई वरिपरिका बासिन्दाका लागि समेत यसले पुऱ्याएको पर्यावरणीय सेवाको हिसावले पनि महत्त्वपूर्ण छ। वन पैदावार र जलश्रोतको उपलब्धताको कारणले यो वन निकै महत्त्वपूर्ण छ।

बीसौं शताब्दीमा जनसंख्या वृद्धि, मानववस्ती, कृषि भूमि विस्तार र औधोगीकीकरणसँगै वनको खण्डीकरण र विनाशक्रम विश्वव्यापी रूपमा नै तिब्र हुनपुग्यो। जलथल लगायत नेपालको वन क्षेत्र पनि यसै प्रक्रियाबाट गुज्रिरहेको प्रस्टै छ। वन विनाश र चोरी सिकारीका कारण यहाँका महत्त्वपूर्ण जैविक सम्पदाहरू स्थानीय स्तरमा लोप भएका तथा कतिपय लोपोन्मूख अवस्थामा पुगेको पाइन्छ। वनको खण्डीकरणसँगै बढेको हात्ती-मानव द्वन्द जलथल वनको दीर्घकालीन व्यवस्थापनमा एउटा जटिल चुनौतीको रुपमा रहेको छ। अर्कातिर पछिल्लो समयमा वनमारा (*Chromolaena odorata*) र प्याँग्री लहरा/लहरे वनमारा (*Mikania micrantha*) पनि वनमा ठूलो चुनौतीको रूपमा देखा परेका छन्। यस्ता मिचाहा प्रजातिको अतिक्रमणका कारणले धेरै वनस्पतिहरूको पुनरुत्पादन हुन सकेको छैन। जलथलमा उल्टाकाँडा नामको मिचाहा प्रजाति हाल मात्र देखा परेको छ।

त्यसैगरी वनको प्राकृतिक प्रजाति समिश्रण (species composition) पनि घट्दै गएको देखिन्छ। कतिपय अवस्थामा साल प्रजातिलाई मात्र लक्षित गरी वन सम्वर्द्धन तथा व्यस्थापनका क्रियाकलापहरू सञ्चालन गरिदै आएकोमा यसले अन्य धेरै प्रजातिको घनत्वमा नकारात्मक असर परेको देखिन्छ।

जैविक, भौगोलिक, पारिस्थितिकीय प्रणालीको हिसाबले विशेष, पर्यावरणीय सेवा र स्थानीय जीविकोपार्जनका हिसाबले अत्यन्तै महत्त्वपूर्ण हुँदाहुदै पनि जलथल वनको उचित व्यवस्थापन हुन सकेको छैन। यसको विस्तृत अध्ययन गरी त्यसैको आधारमा दीर्घकालीन सोच सहितको वन व्यवस्थापन, वन पुनस्थापना (restoration) र जैविक विविधता संरक्षण गर्नु पर्ने आवश्यकता मध्यनजर गर्दै जलथल जैविक विविधता कार्यक्रम २०७६ साल असारदेखि सञ्चालन गरिएको छ।

# कार्यक्रमका सिकाइ र अनुभवहरू

विगत तीन वर्षदेखि जलथल वनलाई कार्यक्षेत्र बनाई फरेष्टएक्सन नेपालको नेतृत्व, बेलायतको डार्विन इनिसियटिभ (Darwin Initiative) को सहयोग र स्थानीय सरोकारवालाहरूको सहकार्यमा सञ्चालन भएको कुरा विदितै छ। यस क्रममा जैविक विविधताको विस्तृत अध्ययन गर्दै वन पुनस्थापना र जैविक विविधता संरक्षणको लागि वैज्ञानिक अधारमा तयार पारिएको छ । त्यसैगरी जलथल वनमा मुख्य चुनौतीको रूपमा रहेको मिचाहा प्रजाति व्यवस्थापनमा कार्यमुलक अनुसन्धानद्वारा दीर्घकालीन व्यवस्थापनको नमुनाहरू विकास गरिएको छ। जलथल वनको जैविक विविधताका महत्त्वपूर्ण अवयवहरू पहिचान गरी तिनको संरक्षणको लागि सामुदायिक वनको क्षमता अभिवृद्धि गर्न सहयोग गरिएको छ।

विश्वव्यापी कोभिड-१९ को महामारी बीच कार्यक्रम सञ्चालनमा सन्तोषजनक सफलता हासिल गरेता पनि यो तीन वर्षको अवधिमा धेरै कुरा सिकाइ समेत भएको छ। वातावरणीय र वन व्यवस्थापनका समस्याहरू दीर्घकालीन प्रकृतिका हुन्छन् र तिनीहरूको लागि निरन्तर प्रयास चाहिन्छ। त्यसका लागि संस्थागत सुधार र क्षमता वृद्धि अनि बृहत दृष्टिकोणसहितको योजना बनाउन पर्छ भन्ने कुरा अझ बढी महसुस भएको छ। कार्यक्रम सञ्चालनका दौरान हामी सामुदायिक वनको नेतृत्वसँग नजिक रहेर काम गऱ्यौ तर कार्यक्रमका राम्रा अभ्यासहरूलाई वनका आम उपभोक्ताहरूसम्म पुऱ्याउन भने केही समय लाग्ने देखिन्छ । कार्यक्रमले सुरूवात गरेका सामान्य देखिने तर वन र उपभोक्ताको लागि अत्यन्तै नतिजामुखी कार्यहरू अझ बढी संस्थागत गर्न हामीले अझ मसिनो गरी काम गर्न पर्ने देखिन्छ।

छोटकरीमा भन्नु पर्दा अघिल्लो कार्यक्रमको अध्ययन र सिकाइको आधारमा नवीन व्यवस्थापन एवं अभ्यासहरूलाई संस्थागत गर्न नयाँ कार्यक्रम प्रस्तावित गरिएको छ ।

# कार्यक्रमको उद्देश्य

सामुदायिक वन उपभोक्ता समूहको क्षमता अभिवृद्धि गर्दै वन व्यवस्थापनमार्फत जैविक वविधता संरक्षण र वन पुनस्थापना गर्नु यो कार्यक्रमको मुख्य लक्ष्य रहेको छ । यो लक्ष्य प्राप्तिका लागि निम्न पाँच वटा उद्देश्यहरू निर्धारण गरिएका छन् र ती उद्देश्य हासिल गर्न छ वटा मुख्य क्रियाकलापहरू गरिने छन्।

१. सामुदायिक वनको दिगो वन व्यवस्थापनमार्फत वनको अवस्थामा सुधार एवं जैविक विविधता संरक्षण गर्ने।
२. अवस्था बिग्रिएको वन सुधार गर्न दीर्घकालीन सोच सहितको पुनस्थापना योजना बनाइ कार्यन्वयन गर्ने।
३. प्याँग्री लहरा (*Mikania micranta*) लगायत नयाँ मिचाहा प्रजातिको व्यवस्थापन गर्ने।
४. स्थानीय र राष्ट्रिय स्तरको नीति तथा कार्यक्रममा वन पुनस्थापना एवं जैविक विविधतालाई मूलप्रवाहीकरण गर्न अभिप्रेरित गर्ने।
५. जैविक विविधता संरक्षण र वन पुनस्थापनाका कार्यहरू मार्फत वनमा आश्रित समुदायको आयआर्जनमा टेवा पुऱ्याउने।

# मुख्य क्रियाकलापहरू (Activities)

कार्यक्रमका उल्लेखित उद्देश्यहरू प्राप्त गर्न विभिन्न क्रियाकलापहरू सञ्चालन गरिने छन्। कार्यक्रमका क्रियाकलापहरूलाई मुख्यगरी छ (६) भागमा वर्गीकरण गरिएको छ।

### १) वनको दीर्घकालीन पुनस्थापना

विगतको अनियन्त्रित उपयोग, मिचाहा प्रजातिहरूको अतिक्रमण र उपयुक्त व्यवस्थापनको अभावमा जलथल वनको अवस्था बिग्रिएको छ। जलथल लगायत अन्यत्र वृक्षारोपणलाई बिग्रिएको वन सुधार र पुनस्थापनाको मुख्य रणनीतिको रूपमा अङ्गिकार गरिएको देखिन्छ । तर हामीले वृक्षारोपण भन्दा बृहत ढंगले जलथल वनको दीर्घकालीन पुनस्थापनाको सुरुवात गरेका छौं । अबको कार्यक्रममा जलथल वनको अवस्था तथा व्यवस्थापनको चुनौती र यो वनको सामाजिक आर्थिक र पर्यावारणीय अवस्था समेतलाई विचार गरेर दीर्घकालीन सोच सहित वन पुनस्थापनालाई अगाडि बढाइने छ। मिचाहा प्रजाति नियन्त्रण, रैथाने प्रजाति संरक्षण, वन्यजन्तुको वासस्थान सुधार र वनमा आश्रित समूहको आवश्यकतालाई विचार गरेर सहभागितामूलक ढंगबाट वनको पुनस्थापना गरिने छ । वन पुनस्थापनामार्फत जैविक विविधता संरक्षण मात्र नभई स्थानीय समुदायको लागि चाहिने विविध वातावरणीय सेवाहरू समेत उपलब्ध हुनेछन्।

वन पुनस्थापना यस कार्यक्रमको एक महत्त्वपूर्ण र बृहत्तर कार्य हुनेछ भने तल उल्लेखित अन्य क्रियाकलापहरू पनि अन्तरसम्बन्धित र यही बृहत्तर कार्यलाई परिपोषित गर्नेगरी आगामी कार्यक्रम सञ्चालन गरिनेछ।

### २) वन व्यवस्थापनमार्फत जैविक विविधता संरक्षण

सरकार र वन उपभोक्ताहरूको प्रयासका बावजूद जलथल वनको उचित व्यवस्थापन र संरक्षण हुन सकेको छैन । विगतमा हाम्रो नेतृत्वमा वन प्राविधिक, स्थानीय समुदाय र विषयगत विज्ञ सहितको सहभागितामूलक अध्ययनमार्फत वन तथा जैविक विविधताको अवस्था र यसका महत्त्वपूर्ण अवयव पहिचान गरिएको र तिनै तथ्यहरूमा आधारित रहेर वनको व्यवस्थापन गरिने छ। स्थानीयको परम्परागत पर्यावरणीय ज्ञान र आधुनिक विज्ञान दुबैको उपयोग गरेर वन व्यवस्थापनमा जोड गरिनेछ। साथै विभिन्न प्रजातिहरूको अवस्था अध्ययन गरी दुर्लभ, संकटापन्न र महत्त्वपूर्ण प्रजातिहरू संरक्षणको योजना तयार गरिने छ। जैविक विविधता एवं मिचाहा प्रजाति पहिचान र अनुगमन गर्न वन उपभोक्ता समूहको क्षमता अभिवृद्धि गर्ने तालिमहरू सञ्चालन गरिने छन्।

वन व्यवस्थापनमा मिचाहा प्रजाति व्यवस्थापन, बासस्थान सूधार र रैथाने प्रजातिको संरक्षणलाई महत्त्व दिईने छ। जैविक विविधता संरक्षणमा चोरी सिकारी चुनौतीको रूपमा रहेकाले यसको नियन्त्रणमा स्थानीय सरकार, डिभिजिन वन कार्यालय, स्थानीय प्रशासन र आदिवासी, जनजाति संगठनहरूसँग हातेमालो गर्दै अगाडि बढिनेछ।

**वनको अवस्था सुधार सम्बन्धी कार्यहरू**

- प्राकृतिक पुनरुत्पादनको संरक्षण
- मिचाहा प्रजाति नियन्त्रण
- प्रजाति व्यवस्थापन प्राथमिकीकरण
- प्रमाणमा आधारित वन व्यवस्थापन अभ्यास
- वासस्थान सुधार
- पानीको श्रोत संरक्षण
- वन्यजन्तु विशेष गरी हात्ती लक्षित वृक्षरोपण (आहारा)

### ३) मिचाहा प्रजाति व्यवस्थापन

संसारभरी नै मिचाहा प्रजातिहरू जैविक विविधता संरक्षण र वन व्यवस्थापनमा ठूलो बोझ बनेका छन् । जलथल वनमा पनि प्याँग्री लहरा (माइकेनिया *Mikania*) निकै ठूलो चुनौती बनेको छ । यसको नियन्त्रण प्रयास सफल हुन सकिरहेको छैन । बीउमार्फत छिटो फैलिने, काण्डहरूमार्फत पनि पुनरुत्पादन गर्न सक्ने र लहराहरू छिटो बढ्ने र फैलिने हुँदा यसको नियन्त्रण गर्न श्रम र आर्थिक हिसावले निकै चुनौतीपूर्ण छ । माइकेनिया वाहेक सेतो वनमारा पनि जलथल वनको मुख्य मिचाहा प्रजाति हो । यस अघिको कार्यक्रममा नेपालमा पहिलोपटक अभिलेख गरिएको उल्टाकाँडा झार पनि जलथल क्षेत्र वरिपरि देखिदै छ । विगतको कार्यक्रमका सिकाइ र अभ्यासहरूको आधारमा प्राकृतिक पुनस्थापनाको उद्दार गर्ने कार्य गरी नियन्त्रणलाई प्रभावकारी बनाउन मिचाहा प्रजाति सम्बन्धी जनचेतनासँगसँगै यिनीहरूको नियन्त्रणका लागि 'एकीकृत स्थल व्यवस्थापन' सञ्चालन गरिने छ । जसअन्तर्गत, मिचाहा प्रजातिलाई हटाउने, तिनको लहरा, झ्यांङ आदिलाई उपयोगी वस्तुमा परिवर्तन गर्ने नमुनाहरू विकास गर्ने, रैथाने वनस्पतिको प्राकृतिक पुनरुत्पादन र वृक्षारोपण गरी मिचाहा प्रजातिको फैलावट नियन्त्रण गर्ने र जमिनको निरन्तर उचित प्रयोग गर्ने कामहरू एकीकृत रूपमा सञ्चालन गरिने छ ।

**मिचाहा प्रजाति सम्बन्धी क्रियाकलापहरू**

- मिचाहा प्रजाति नक्सांकन,
- मिचाहा प्रजाति प्रभाव मूल्यांकन
- मिचाहा प्रजाति व्यवस्थापन सम्बन्धी कार्ययोजना निर्माण
- मिचाहा प्रजातिका बारेमा जानकारीमूलक, सचेतनामूलक सामाग्री प्रकाशन, प्रसारण
- मिचाहा प्रजातिको बायोमास उपयोग सम्बन्धी अध्ययन

### ४) वन व्यवस्थापनमा आधारित आयआर्जन (कृषिवनमार्फत)

जैविक विविधता संरक्षण र वनको दिगो व्यवस्थापनमार्फत वनमा आश्रित समुदायले कसरी लाभ प्राप्त गर्न सक्छन् भन्ने बारेमा कार्यमूलक अनुसन्धान (Action research) गरिने छ । जलथल क्षेत्रको लागि सम्भाव्य रूख प्रजातिहरू, जडिबुटी र गैह्र काष्ठ वन पैदावारहरू पहिचान गरिनुका साथै कृषिवन प्रवर्द्धन गरिने छ । कृषिवनमार्फत वनमा आश्रित समुदायको आयआर्जन वढाउन जोड दिदै वनको अवस्थामा सुधार गरिने छ । यस क्रममा स्थानीयको परम्परागत ज्ञान सिप र प्रविधिको समुचित प्रयोग गरिने छ ।

**जिविकोपार्जन सम्बन्धी कार्यक्रमहरू**

- विपन्न महिला समूहहरूलाई वनमा आधारित आयआर्जनमूलक कार्यत्रम
- प्राङ्गारिक मल उत्पादन
- कृषिवन (जस्तै बेसार खेती) मार्फत विपन्न परिवारको आयआर्जन
- परम्परागत सिपको प्रवर्द्धन
- बाख्रा पालन प्रोत्साहन र डालेघाँस व्यवस्थापन

स्थानीयको सहयोगमा मिचाहा प्रजातिलाई हटाउने, तिनको लहरा, झ्याङ्ग आदिलाई उपयोगी वस्तुमा परिवर्तन गर्ने (प्राङ्गारिक मल), रैथाने वनस्पतिको प्राकृतिक पुनरुत्पादन र वृक्षारोपणमार्फत मिचाहा प्रजातिको फैलावट नियन्त्रण गर्ने र जमिनको निरन्तर समुचित प्रयोग गर्ने कामहरू एकीकृत रूपमा

सञ्चालन गरिने छ । यस्ता कार्यहरू गर्दा स्थानीय उपभोक्ताहरू परिचालित हुने भएकाले अस्थायी रोजगारी सिर्जना हुन गई आयआर्जनमा समेत टेवा पुग्नेछ ।

स्थानीय महिलाहरूको आयमा टेवा पुगोस् भन्ने उदेश्यका साथ बाख्रा पालनलाई प्रोत्साहन गरिने छ । यसका लागि निजी जमिन र अवस्था बिग्रिएको सामुदायिक वनमा डालेघाँस प्रर्वद्धन गरिने छ । समग्रमा कृषिवन, वन सम्वर्द्धनका कार्यहरू, डालेघाँस व्यवस्थापन, प्राङ्गारिक मलको उत्पादनमार्फत वनमा आश्रित स्थानीयहरूले लाभ लिने गरी क्रियाकलापहरू सञ्चालन गरिने छन् ।

## ५) नीतिगत पैरवी, प्रचारप्रसार र प्रकाशन

सामुदायिक वनमा जैविक विविधता व्यवस्थापनका व्यवहारिक तथा प्राविधिक र संस्थागत चुनौती र अवसरहरू पहिचान गर्दै राष्ट्रिय नीतिनिर्माणमा योगदान पुऱ्याउने उद्देश्यले छलफल र अन्तरक्रिया गरिनेछ । वन पुनस्थापनाका कार्यहरूलाई सामुदायिक वनको कार्ययोजना र सरोकारवालाहरूको नीति तथा कार्यक्रमहरूमा समावेश गरी कार्यान्वयन गर्न सहजीकरण गरिनेछ ।

वन व्यवस्थापन सम्बन्धमा जैविक विविधता र जलवायु परिवर्तनको विश्वव्यापी सङ्कट समेतलाई मध्यनजर गर्दै कार्यमूलक अध्ययन र सिकाइहरूको नतिजाका आधारमा राष्ट्रिय रूपमा बहस सञ्चालन गरिनेछ । कार्यक्रमहरू सञ्चालन गर्दा उपभोक्ताको हित र वनको सम्वर्द्धनसँगसँगै सुनिश्चित गर्न सरोकारवालाहरूसँग छलफल गर्दै सिकाइको आदानप्रदान गरिने छ । हामीले गरिने अध्ययन, अनुसन्धान, अभ्यासमा प्रयोग भएका विधिहरू र अन्य क्षेत्रमा अपनाइएका विधिहरूको तुलना गरी छलफल अगाडि बढाइने छ । सरकार तथा मातहतका निकायहरूलाई नीति नियममा गर्न सकिने सुधार र संसोधनका सुझावहरू दिने कार्य गर्ने छौं । यस्ता अध्ययनबाट प्राप्त सूचना र तथ्यहरूलाई विभिन्न माध्यम (पुस्तक, पुस्तिका, जानकारी सँगालो, वैज्ञानिक लेख, श्रव्य-दृश्य सामग्री आदि) मार्फत प्रकाशन गरी प्रचारप्रसार गरिने छ ।

## ६. क्षमता वृद्धि र नेतृत्व विकास

वन व्यवस्थापन र पुनस्थापना, जैविक विविधता संरक्षण, मिचाहा प्रजाति नियन्त्रण र आजका मुख्य वातावरणीय पक्षमा युवा तथा सामुदायिक वन उपभोक्ता समूहको क्षमता अभिवृद्धि गरिने छ । युवा महिला लक्षित नेतृत्व विकास तालिम, गोष्ठी, कार्यक्रमहरू सञ्चालन गरी संरक्षणका संवाहकहरू तयार पारिनेछ । उनीहरूको नेतृत्वमा वन, वातावरण, जैविक विविधता लगायतका मुद्दाहरू स्थानीय स्तरमा स्थापित हुँदै जानेछन् । सामुदायिक वन समूहहरूको संस्थागत क्षमता सबल र बलियो बनाउने काम पनि गरिनेछ ताकि भविष्यमा यस्ता कार्यक्रमहरूले निरन्तरता पाओस् ।

**क्षमता अभिवृद्धि**

- संरक्षणमा युवा नेतृत्व विकास, जैविक विविधता व्यवस्थापन तालिम (वनसमूह)
- मिचाहा प्रजाति व्यवस्थापन तालिम
- प्राङ्गारिक मल उत्पादन सम्बन्धी तालिम
- वागवानी तथा यसको नर्सरी व्यवस्थापन सम्बन्धी तालिम

# कार्यक्रम कार्यन्वयनको ढाँचा

वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण बहुआयामिक र बहुसरोकारवाला विषयवस्तु हुन् । सामुदायिक वन उपभोक्ता समूहहरू यो कार्यक्रमका मुख्य लक्षित वर्गहरू हुन् । तसर्थ, कार्यक्रम सञ्चालनमा सामुदायिक वनको अहम् भूमिका हुन्छ। कार्यक्रमले स्थानीय उपभोक्ताहरूलाई वन र जैविक विविधता व्यवस्थापन सम्बन्धी हरेक प्रक्रियामा सहभागी गराउदै आएको छ साथै आगामी दिनमा पनि यो कार्यले निरन्तरता पाउने नै छ। कार्यक्रमले सरोकारवालाहरू, मुख्य गरी डिभिजन वन कार्यालय र स्थानीय सरकारसँग समन्वयमा कार्य गर्ने छ। कार्यक्रम सञ्चालन गर्दा सहभागितामूलक र समन्वयात्मक ढंगले गरिने छ। त्यसै गरी स्थानीय ज्ञान र सिपलाई पनि वन व्यवस्थापनमा उपयोग गरिने छ। विज्ञ र स्थानीय ज्ञानको संश्लेषण गर्दै सहसिकाइमा आधारित कार्यक्रमहरू सञ्चालन हुनेछन्।

जलथल क्षेत्रमा एक फिल्ड कार्यालय स्थापना गरी स्थलगत क्रियाकलापहरू सञ्चालन गरिएको छ।

## कार्यक्रमसँग सम्बन्धित अन्य जानकारी

| | |
|---|---|
| कार्यक्रमको स्वीकृत नाम: | Linking Science to Management: Restoring Community Forests in Nepal (Ref: 29-028) |
| कार्यक्रमको छोटकरी नाम: | जलथल जैविक विविधता व्यवस्थापन कार्यक्रम |
| कार्यक्रम अवधि: | July 2022-March 2025 |
| दाता संस्था: | Darwin Initiative, UK |
| कार्यक्रमका साझेदारहरू: | १. फरेष्टएक्सन नेपाल<br>२. काठमाडौं फरेष्ट्री कलेज<br>३. सामुदायिक वन उपभोक्ता महासंघ<br>४. Royal Botanic Garden Edinburgh |

**सम्पर्क**

**लिला नाथ शर्मा, (पि.एच.डि)**
फरेष्टएक्सन नेपाल, बागडोल, ललितपुर
इमेल: lilanathsharma@gmail.com
फोन: ००९७७-१-५१९१०६२